गोरखा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९ संख्या २ मिति २०८२/०३/०५

भाग-२

गोरखा नगरपालिका

गोरखा नगरपालिकाले नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोरखा नगरपालिकाको आय ठेक्का संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

*कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०३/०५*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी गोरखा नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "गोरखा नगरपालिकाको आय ठेक्का संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस कार्यविधी बमोजिम आय ठेक्का सम्वन्धी कार्य स्वीकृत गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

ग) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव वा शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख र नगरपालिकाको प्रमुखको हकमा नगर कार्यपालिका सम्झनु पर्छ ।

घ) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

ङ) "कबोल अङ्क बिड प्राइस" भन्नाले कुनै बोलपत्रको परीक्षणबाट कायम हुन आएको रकम सम्झनु पर्छ ।

च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

छ) "कार्यालय" भन्नाले गोरखा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ज) "कार्यालय प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

झ) "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ ।

ञ) "कोष" भन्नाले नगरपालिकाको स्थानीय सञ्चित कोष सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम स्थापना भएका अन्य स्थानीय कोषलाई समेत जनाउँछ ।

ट) “दररेट निर्धारण समिति” भन्नाले नियमावलीको दफा १५८ बमोजिमको समिति सम्झनु पर्छ ।

ठ) “पुनरावलोकन समिति” भन्नाले ऐनको दफा ४८ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

ड) “प्रोप्राइटरी मालसामान” भन्नाले कुनै मालसामान, यन्त्र वा उपकरणको निर्माताले त्यस्तो मालसामान, यन्त्र वा उपकरण सञ्चालन वा मर्मत सम्भारको लागि बनाएको सहायक उपकरण तथा पार्टपूर्जा सम्झनु पर्छ ।

ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ण) “बहुबर्षीय सम्झौता” भन्नाले एक वर्षभन्दा बढी अवधि भएको सम्झौता सम्झनु पर्छ ।

त) “विद्युतीय बोलपत्र” भन्नाले विद्युतीय खरिद प्रणालीको उपयोग गरी बोलपत्रदाताले पेश गरेको बोलपत्र सम्झनु पर्छ ।

थ) “विद्युतीय खरिद प्रणाली” भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालयले नियम १५६ बमोजिम विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी स्थापना, सञ्चालन र व्यवस्थापन गरेको खरिद प्रणाली सम्झनु पर्छ ।

द) “विद्युतीय सञ्चार माध्यम” भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणाली स्थापना, सञ्चालन र व्यवस्थापन गर्न उपयोगमा ल्याएको विद्युतीय सञ्चार प्रविधि, पद्धति वा माध्यम सम्झनु पर्छ ।

ध) “मूल्याङ्कन समिति” भन्नाले नियमावलीको नियम १५७ बमोजिमको समिति सम्झनु पर्छ ।

न) “मौजुदा सूची स्टान्डिङ्ग लिस्ट” भन्नाले नियमावलीको नियम १९ बमोजिमको सूची सम्झनु पर्छ ।

प) “सम्झौता मूल्य कन्ट्र्याक्ट प्राईस)” भन्नाले खरिद सम्झौतामा उल्लिखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएशन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको काम नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई जनाउँछ

फ) “सार्वजनिक खरिद अनुगमन कार्यालय” भन्नाले ऐनको दफा ६४ अनुसारको सार्वजनिक खरिद अनुगमन कार्यालय सम्झनु पर्छ ।

ब) “सिलबन्दी दरभाउपत्र” भन्नाले नगरपालिकाको सूचना बमोजिम कुनै निर्माण कार्य गर्न वा मालसामान वा अन्य सेवा उपलब्ध गराउनको लागि ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी खामभित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्छ ।

भ) नियमावली भन्ने गोरखा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८२ सम्झनु पर्छ ।

## परिच्छेद-२

## आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था

**३. आन्तरिक आयको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने:** (१) प्रचलित कानून बमोजिम नगरसभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

तर, आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "आन्तरिक आय" भन्नाले नेपालको संविधानको अनुसूची- ८ र अन्य संघीय तथा प्रदेश कानूनले प्रदान गरेको अधिकार अन्तर्गत रही आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) यस नियम बमोजिम ठेक्का बन्दोबस्त गर्दा लागत प्रभावकारी हुने, प्रशासनिक सहजता हुने वा आय बृद्धि हुनसक्ने अवस्थामा ऐन र यस कार्यविधीको अधीनमा रही अन्य वा नगरपालिकासंग आपसी सहमतिद्वारा संयुक्त रुपमा ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

क. आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

ख. खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि सालबसाली जारी हुने नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

ग. खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ सम्म उठ्ने भएमा स्थानीय समाचार पत्रमा कम्तिमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गरी शिलबन्दी दरभाउपत्र माग गर्नुपर्नेछ र सो भन्दा बढी उठ्ने भएमा विधुतीय खरिद प्रणाली मार्फत विधुतीय बोलपत्र आह्वान गर्नु पर्नेछ । यस्तो सूचना कार्यालयको वेभसाईटमा समेत राख्नु पर्नेछ ।

घ. खण्ड (ग) बमोजिम विधुतीय बोलपत्र आह्वान गर्दा बीस लाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ। बीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना कार्यालयको वेभसाईटमा समेत राख्नु पर्नेछ ।

ङ. खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(४) बोलपत्र फारम प्राप्त हुने स्थान र तरिका,

(५) बोलपत्र पठाउनु पर्ने तरिका,

(६) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,

(७) बोलपत्र बापत लाग्ने दस्तुर,

(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(९) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१०) अन्य आवश्यक कुराहरु ।

च. खण्ड (ङ) को उपखण्ड (७) बमोजिम बोलपत्र फारामको दस्तुर कायम गर्दा तपशिल बमोजिमको मूल्य कायम गर्नु पर्नेछः-

(१) बीस लाख रूपैयाँसम्मको लागि एक हजार रूपैयाँ,

(२) बीस लाख रूपैयाँभन्दा माथि दुई करोड रूपैयाँसम्मको लागि तीन हजार रूपैयाँ,

(३) दुई करोड रूपैयाँभन्दा माथि दश करोड रूपैयाँसम्मको लागि पाँच हजार रूपैयाँ,

(४) दश करोड रूपैयाँभन्दा माथि पच्चीस करोड रूपैयाँसम्मको लागि दश हजार रूपैयाँ,

(५) पच्चीस करोड रूपैयाँभन्दा माथि जतिसुकै रकमका लागि बीस हजार रूपैयाँ

छ. खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका शिलबन्दी दरभाउपत्र तथा बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, बोलपत्रदाताको प्रतिनिधिले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै कार्यविधीमा उल्लेख भए बमोजिम हुनेछ ।

ज. खण्ड (घ) बमोजिम प्रथम पटक शिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गर्दा शिलबन्दी दरभाउपत्र वा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि शिलबन्दी दरभाउपत्र वा बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित न्यूनतम ठेक्का अङ्कभन्दा कम भएमा पहिलो पटकको लागि तोकिएको म्यादभन्दा कम्तीमा आधा म्याद दिई पुनः शिलबन्दी दरभाउपत्र वा बोलपत्र आह्वान गर्नु पर्नेछ ।

झ. खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि दरभाउपत्र/बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः-

(१) बढाबढ हुने स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(४) उपनियम (३) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने व्यक्तिले आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर, यस नियम बमोजिम तीन पटकसम्म विधुतीय बोलपत्र आह्वान गर्दा समेत कवोल अङ्क तोकिए बमोजिमको न्यूनतम अङ्कभन्दा घटी हुन आएमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले नयाँ न्यूनतम अङ्क कायम गरी पूनः यस कार्यविधी अनुसारको प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ ।

(५) यस कार्यविधी बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (४) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर, कुनै ठेक्काको चलन पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म जमानत फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(६) उपनियम (३) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा फ्याक्सद्वारा गरिएको कामकारबाही उपर कुनै कारबाही गरिने छैन ।

(७) यस नियम बमोजिम पर्न आएका वोलपत्र बढाबढको प्रस्तावको लागि पेश भएका कागजातहरु दरभाउपत्र/बोलपत्रका सर्त बमोजिम भए नभएको हेरी यस कार्यविधी बमोजिमको दरभाउपत्र/बोलपत्र मूल्यांकन समितिले सिफारिस सहित निर्णयको लागि पेश गनुपर्नेछ । यसरी मुल्यांकन समितिले दरभाउपत्र/बोलपत्र मूल्यांकन गर्दा शिलबन्दी दरभाउपत्रको हकमा प्रथम पटक प्रकाशित सूचना बमोजिम पेश भएका दरभाउपत्रहरु कम्तिमा तीन वटै दरभाउपत्रहरु अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभाबग्राही भएको हकमा मात्र स्वीकृतिको लागि नगरपालिकामा सिफारिस गर्नुपर्नेछ ।दोश्रो पटक प्रकाशित सूचना बमोजिममा पेश भएका दरभाउपत्रहरुको हकमा एक मात्र दरभाउपत्र अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभाबग्राही भएतापनि स्वीकृतिको लागि नगरपालिकामा सिफारिस गर्न बाधा पर्नेछैन ।विधुतीय बोलपत्रको हकमा एक मात्र दरभाउपत्र अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभाबग्राही भएतापनि स्वीकृतिको लागि नगरपालिकामा सिफारिस गर्न बाधा पर्नेछैन । यसरी सिफारिस भइ आएपश्चात नगरपालिकाले दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने आशयको सात दिने सूचना प्रकाशन गर्नुपर्नेछ ।

**४. ठेक्का स्वीकृत गर्ने:** (१) नियम ३ बमोजिम प्रकाशित सूचना अनुसार दाखिला भएको  कुनै वा सबै दरभाउपत्र/बोलपत्र नियम ३ को उपनियम (७) बमोजिमको सिफारिसका आधारमा कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) यस नियम बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका सर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका तथा नियम ३(७) बमोजिम दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको सात दिन भित्र कार्यालयमा लिखित उजुरी/गुनासो नपरेमा दरभाउपत्र/बोलपत्रहरु मध्ये सबैभन्दा बढी अंक कबोल गर्नेको दरभाउपत्र/बोलपत्र स्वीकृत गर्नु पर्नेछ । यदि उजुरी/गुनासो परेमा कार्यालयले दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने कार्य यथास्थितिमा राखी उक्त उजुरी/गुनासो उपर आवश्यक छानबिन गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा गोरखा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८२ ले निर्दिष्ट गरे बमोजिम कामकारबाही अगाडी बढाउनु पर्नेछ ।

(३) नियम (२) बमोजिम बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी कबोल गर्नेवालाको दरभाउपत्र/बोलपत्र तत्कालै नियमावलीको नियम ६१ बमोजिमको धरौटी वा बैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस परिच्छेद बमोजिमको दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने अधिकार नियमावलीको नियम ७६ मा उल्लिखित अधिकारीहरुलाई सोही नियममा उल्लेख भए बमोजिम हुनेछ ।

**५. पट्टा दिने र कबुलियत गराउने:** (१) यस कार्यविधी बमोजिम आन्तरिक आय उठाउने दरभाउपत्र/बोलपत्र स्वीकृत भैसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना दरभाउपत्रदाता/बोलपत्रदातालाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटोका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको दरभाउपत्र/बोलपत्रलाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा दरभाउपत्रदाता/बोलपत्रदाता हाजिर भई कबुलियत गर्न मञ्जूर गरेमा निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो दरभाउपत्रदाता/बोलपत्रदाता हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु दरभाउपत्र/बोलपत्रलाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने दरभाउपत्र/बोलपत्रको धरौटी

जफत गर्नुपर्नेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको दरभाउपत्रदाता/बोलपत्रदातावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ र उक्त दरभाउपत्रदाता/बोलपत्रदातालाई कालोसूचीमा राख्न लेखि पठाउनुपर्नेछ ।

तर, यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस कार्यविधीको प्रकृया पुर्याई पुनः दरभाउपत्र/बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(४) नियम २ को उपनियम (२) बमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि बोलपत्र वा बढाबढको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्था गर्नुपर्नेछ । संयुक्त समितिको अख्तियारवालाले बोलपत्र खोलिएको तीन दिनभित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिनभित्र बोलपत्र स्वीकृत भए वा नभएको निकासा दिइसक्नुपर्नेछ । तोकिएको म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले कुनै हानी नोक्सानी भएमा यसरी हानी नोक्सानी भएको रकम जसको ढिलाई वा लापरवाहीले गर्दा हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट असूल उपर गरिनेछ ।

(५) बोलपत्र स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाताबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्कको कम्तीमा सम्झौता अवधि भन्दा थप एक महिना म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कवुलियत गराई पट्टा दिनु पर्नेछ ।

(६) बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्रदाताले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम २ को उपनियम (५) बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिनेछ ।

**<u>६. ठेक्का रकमको किस्ता बुझाउने तरिकाः</u>** (१) आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र दरभाउपत्र/बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर, यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनुपर्नेछ ।

**<u>७. ठेक्का तोड्नेः</u>** (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधी बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा अन्य तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम र सोही रकम बराबरको रकम हर्जाना स्वरुप त्यस्तो ठेकेदारबाट असूल गरी बढी लिएको वा दोहोरो पर्न गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ । यसरी धरौटी जफत गरी नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरु र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएको अवस्थामा बाँकी ठेक्का अवधिको निमित्त दरभाउपत्र/बोलपत्र बढाबढको प्रतिस्पर्धामा रहेका क्रमानुसारका दरभाउपत्रदाता/बोलपत्रदातासँग दामासाहीले नयाँ ठेक्का अंक कायम गरी नियमानुसारको धरौटी रकम र बैंक ग्यारेण्टी लिई साविकको स्वीकृत ठेक्काको दरमा नयाँ असूली कार्यतालिका बनाई ठेक्का बन्दोबस्त गर्न सकिनेछ । यसरी बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न नसकिएमा कार्यालयले पुनः दरभाउपत्र/बोलपत्र आह्वान गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम नयाँ ठेक्का बन्दोबस्त गर्न वा पुनः ठेक्का बन्दोबस्त गर्न लाग्ने समय सम्मको बीचको अवधिका लागि कार्यालयले आय संकलन सम्बन्धी अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

(६) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट भएको नोक्सानी र सम्वन्धित दरभाउपत्रदाता/बोलपत्रदाताबाट लिनु पर्ने बाँकी भएमा सो दरभाउपत्रदाता /बोलपत्रदाताले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**८. बक्यौता रकम असूली सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सकिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गरिनेछ ।

**९. सम्पत्ति तथा उत्पादनको बिक्रि सम्वन्धी व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको र आफूले गरेको उत्पादित वस्तु तथा सेवाको बिक्रि गर्दा यस नियमको अधिनमा रही गर्नुपर्नेछ।

तर, अचल सम्पत्ति बिक्री गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(२) उपनियम (१) अनुसार अन्य उत्पादनहरुको मूल्य निर्धारण एवं बिक्री प्रक्रिया व्यवस्थापनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि तय गर्नसक्नेछ ।

**१०. नियममा हेरफेर वा थपघट :** नगर कार्यपालिकाले प्रचलित संघीय कानूनमा तोकिएको नियमसँग मेल खाने गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी नियममा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

**११. संशोधन सम्बन्धी व्यवस्थाः** यस कार्यविधि संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१२. बचाउः** यस अघि नगरपालिकाले प्रचलित कानुन बमोजिम गरेका आय ठेक्का सम्बन्धी काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।